शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक




वर्ष ८ | अङ्क : १८४ | २०७९ कार्तिक ६ गते आइतबार | 23 Oct. 2022, Sunday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रू.: ५/-

# इतिहासकै डरलाग्दो आर्थिक संकट : पूर्व अर्थमन्त्री पौडेल

## संकट समाधानका उपाय खोज्न उद्योगी व्यवसायीको आग्रह



बुटवल, कात्तिक ५ ।

पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले मुलुक इतिहासकै डरलाग्दो आर्थिक संकटमा पुगेको भन्दै चिन्ता व्यक्त गरेका छन् । नाकाबन्दी, भूकम्प तथा कोरोना महामारीको अवस्थामा समेत नदेखिएको आर्थिक संकट अहिले देखिएको उनले बताए ।

नेकपा एमालेका उपाध्यक्ष तथा रुपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहेका पौडेलले वर्तमान सरकारको असफलताका कारण मुलुक यो अवस्थामा पुगेको उल्लेख गरे । मुलुकको आर्थिक अवस्था गम्भिर अवस्थामा पुगेको बताउँदै उनले सरकारबाटै नीजि क्षेत्रको घाँटी निमोठ्ने काम भएको टिप्पणी गरे ।

नेपाल उद्योग तथा व्यवसायी महासंघले शनिबार बुटवलमा आयोजना गरेको उद्योगि तथा व्यवसायी भेलामा बोल्दै पौडेलले सरकारको गलत आर्थिक नीतिका कारण नीजि क्षेत्र पलायन हुने तथा श्रमिकको घरमा आगो नबल्ने अवस्थामा आइपुगेको गुनासो गरे ।

उक्त कार्यक्रममा सहभागी यसक्षेत्रका उद्योगी, व्यवसायीहरुले विद्यमान आर्थिक संकटको समाधानका लागि उपयुक्त उपायको अबलम्न गर्न आग्रह गरेका छन् । उनीहरुले मुलुकमा चरम मूल्यवृद्धि भएको र आर्थिक क्षेत्र जर्जर बन्दै गएको भन्दै पूर्वअर्थमन्त्रीका रुपमा विशेष कार्यक्रम तयार पार्न सुझाव दिएका थिए ।

उद्योगी व्यवसायीका सुझाव तथा टिप्पणीहरुबारे प्रष्ट पार्दै पूर्वअर्थमन्त्री पौडेलले आफू अर्थमन्त्री हुँदा ४ दशमलव २ प्रतिशतमा रहेको मूल्यवृद्धि दर अहिले ८ दशमलव १ प्रतिशमा पुगेको र संकटग्रस्त अवस्थामा रहेको आर्थिक क्षेत्रको सुधारका समेत कार्यक्रम समावेश गरेर प्रतिवद्धता पत्र जारी गरिने बताए ।

अस्वभाविक रुपमा करको दर हेरफेर, बैंक ऋणको ब्याजदरमा उच्च वृद्धि लगायत कारणले नीजि क्षेत्रलाई सरकारबाटै आतंकित बनाउने काम भएको भन्दै उद्योगी व्यवसायीहरुले यस्ता विषयमा राज्यले विशेष कदम चाल्नुपर्नेमा उल्टो सेटिङमा केन्द्रित रहेको भन्दै गुनासो गरेका थिए ।

गठबन्धनको नाममा सत्ता स्वार्थ र केही निहित व्यक्तिको स्वार्थ पूर्तिका लागि अपनाइएको आर्थिक नीतिले मुलुकको उद्योग व्यवसाय ध्वस्त हुने अवस्थामा पुगेको उनले टिप्पणी गरे । सरकारले बैंकको ब्याजदरमा उच्च वृद्धि गरेपछि आन्दोलनरत उद्योगी व्यवसायीहरुको मागप्रति ऐक्यवद्धता जनाउँदै उनले

▶▶ बाँकी पृष्ठ ४ मा...

# रोहिणीमा कुस्ती प्रतियोगिता हुने विजेतालाई १ लाख पुरस्कार



भैरहवा, ५ कार्तिक । (गौबुस)

रुपन्देहीको रोहिणी गाउँपालिकाले धकधइमा कुस्ती प्रतियोगिता आयोजना गर्ने भएको छ । शनिबार धकधइमा पत्रकार सम्मेलनको आयोजना गरि गाउँपालिकामा युवाहरुलाइ कुस्तीप्रति आकर्षित गर्न तथा उनिहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै कुस्तीको आयोजना गर्न लागिएको गाउपालिकाले जनाएको छ ।

युवाहरुलाइ कुलतमा लाग्न नदिन, संस्कृतिको संरक्षण, प्राचीन खेलको संरक्षण लगायतको उद्देश्य राखी गाउँपालिकाबाट नै ५ लाख रुपैया बिनियोजन गरि कुस्ती प्रतियोगिताको आयोजना गर्न लागिएको गाउपालिका अध्यक्ष बिध्या प्रसाद यादवले जानकारी दिए ।

उनले यसलाई यस बर्ष मात्र नभई गाउँपालिकाको नियमित योजनामा राखी यसलाइ निरन्तरता दिइने जानकारी दिए । प्रतियोगितामा नेपाल र भारतका गरि २५ जना भन्दा बढी पहलवान सहभागी हुने गाउपालिकाका प्रवक्ता समेत रहेक वडा नम्बर ३ का वडा अध्यक्ष बिर बहादुर क्षेत्रीले जानकारी दिए । कार्तिक १५ र १६ गते आयोजना हुने प्रतियोगितामा प्रथम हुने पहलवानलाई नगद १ लाख १ हजार १ सय ११ रुपैया, दोश्रो हुनेलाइ ५० हजार ५ सय ५५ रुपैया, तेश्रोलाई २५ हजार २ सय २५ रुपैया एवम १५ हजार १ सय २५ रुपैयाको सान्त्वना पुरस्कार बितरण गर्ने क्षेत्रीले जनाए ।

प्रतियोगितामा स्थानिय स्तरमा रहेका पहलवानका साथै नेपालबाट अन्तर्राष्ट्रिय स्तरमा सहभागी पहलवान र भारत हरियाणा, दिल्ली, बिहार, उत्तर प्रदेशका नामि पहलवानहरुले भाग लिने उनले जनाए । कार्यक्रममा १५ हजार बढी दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा रहेको छ ।

गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री प्रसाद गौतमले गाउँपालिकाले कुस्ती मात्र नभइ अन्य खेलकुदलाइ पनि क्रमशः प्रवर्द्धन गर्दै लैजाने बताए । खेलकुदले पालिकाका युवाहरुलाई सहि बाटोमा निर्देशित गर्ने भएकोले पालिकाले खेलकुदमा ध्यान दिने उनले बताए । पत्रकार सम्मेलनको सन्चालन गाउपालिकाका योजना तथा अनुगमन शाखाका प्रमुख राजकुमार मिश्रले गरेका थिए ।




# पल्लो टेबुलकी केटी

रितेश गुरुङ



एउटा क्याफे। ठिक्कको क्याफे। सायद औसत भन्न मिल्छ। तर मलाई औसत शब्द त्यति मन पर्दैन । औसत शब्द आफैंमा कस्तो औसत सुनिन्छ। यसरी औसत भन्दा केहीलाई, कोहीलाई ज्यादै नै तौलिएको, नापेको जस्तो सुनिन्छ । त्यसरी अरूलाई मूल्याङ्कन गर्ने आफ्नै सोचाइ, हेराइ नै कस्तो औसत लाग्छ।

एउटा क्याफे, सानो चिटिक्कको बगैंचा भएको । बगैंचाभरि आउटडोर प्लान्टका साथै केही सिजनल फूलहरू फुलिरहेका । बगैंचातिर फर्किएको ओपन बार। बारमा विभिन्न प्रकारका विदेशी स्वदेशी अल्कोहोलिक, ननअल्कोहोलिक पेयपदार्थहरू सजिएका । फिल्टर-कफीको बास्ना आइरहेको बारसँग जोडिएको कफी काउन्टर। बगैंचाको बीच-बीचमा छरिएका मार्बलका पाँच टेबल। टेबललाई घेरिरहेका कुर्सीहरू। भित्र हलमा चारजोडी टी-टेबल सहितका सोफासेट। अर्को हलमा सेटअप सजिएको आठवटा टेबल।

कोही एक्लै, कोही जोडी, कोही साथीहरू, कोही परिवारसँग खाइरहेका । रमाइरहेका। हल्ला, हाँसोहरू गुन्जिरहेका । पृष्ठभूमिमा बजिरहेको गीतसँगै हुक्का र चुरोटबाट फुस्किएका धुँवाहरू नाचिरहेका।

म बगैंचामा फर्किन्छु । एउटा टेबल ओगटेर बस्छु । भिरेको झोला फुकाल्छु। झोलाबाट ल्यापटप निकाल्छु र टेबलमा राख्छु। चुरोटको बट्टा र लाइटर पनि राख्छु । मोबाइल साइलेन्ट मोड बनाएर राख्छु। लगाइरहेको चश्मा फुकाल्छु । हेडफोन झिक्छु। शरीर तन्काउँछु। आफूलाई हलुका महसुस गर्छु।

पुनःआफ्नो नजर चारैतिर ओछ्याउँछु । एउटा टेबलमा एक अधबैंसेलाई देख्छु ल्यापटपमा घोत्लिरहेको । उसको सम्मुख देख्छु फ्रेसजुसले भरिएको गिलास। बगैंचामा भएका अरू टेबलहरू ग्राहकहरूलाई कुरेर बसिरहेका हुन्छन्।

म नजर मोड्छु आफ्नै टेबलतिर।

वेटर आउँछ मेनु लिएर अर्डर लिन। म मेनु नै नहेरी माग्छु, डबलसट अमेरिकानो। ऊ मेरो अर्डर च्यापेर फरक्क फर्किन्छ।

टेबलबाट चश्मा उठाउँछु र लगाउँछु । ल्यापटप अन गर्छु। हेडफोनलाई ब्लुटुथ कनेक्ट गर्छु र कुनै डिप म्युजिक लगाउँछु। चुरोट निकाल्छु र सल्काउँछु। गुगल डक्स् खोल्छु। खाली पन्ना मेरो ऐना झैं बन्छ।

अब के लेखौं ? औंलाहरू किबोर्डलाई ताकेर बसिरहन्छन् । एक गुच्छा धुवाँ आकाशतिर हुत्याउँछु।

दुईदिनमा एउटा कथा लेखेर कसैलाई बुझाउनु छ। मस्तिष्कमा दुई तीनवटा प्लटहरू नभएका होइनन्। तर प्लटहरू कथा होइनन्।

मैले कसैलाई कुनै बेला भनेको थिएँ, प्लट भनेको बीउ हो। बीउ कहाँ रोप्ने, कस्तो माटोमा रोप्ने, कस्तो हावापानीमा रोप्ने त्यो क्यानभास हो। बीउ रोपेपछि पानी, सूर्यको किरण, मल, औषधि भनेको तिम्रो लेखाइ, भाषा, शैली, उत्कथन हो। जब बीउ उम्रिंदै काण्ड देखिन्छ, त्यो मूल कथा हो। हाँगाहरू, उपकथा हुन्। पातहरू पात्रहरू हुन्। रूख तब बलियो हुन्छ जब जराले माटोलाई मज्जाले समातेको हुन्छ। जरा तिम्रो कथाको मर्म हो। तिमीले भन्न खोजेको सार हो।

मैले कति सजिलै भनिदिएको थिएँ । लाग्थ्यो, कथा, उपन्यास लेख्न त्यति गाह्रो नै छैन। म विस्तारै बुझ्दैछु, लेख्नका लागि प्लट मात्रै भएर नहुने रहेछ । कुनै महान लेखकको लेखन नियमलाई पछ्याउँदैमा मात्रै नहुने रहेछ । शब्दहरूको जालो मात्रै बुनेर नहुने रहेछ। लेख्नका लागि अध्ययन जरूरी छ। अनुसन्धान, अनुशासन, अनुभव, अभ्यास, आत्मविश्वास आवश्यक छ । लेखकसँग कल्पनाशक्ति हुनुपर्छ। धैर्य हुनुपर्छ । आफू बाहिरको परिस्थिति र आफूभित्रको मनस्थिति उपयुक्त हुनुपर्छ।

कथा कनेक्टिङ्ग हुनुपर्छ । कन्भिन्सिङ हुनुपर्छ । केयरका साथ लेखिनुपर्छ । कन्ट्रोलका साथ लेखिनुपर्छ। कन्भिक्सनका साथ लेखिनुपर्छ। लेख्नका लागि धेरै थोक चाहिने रहेछ। तर कहिलेकाहीं सबै भएर पनि लेख्न नसकिने रहेछ। लेख्नका लागि केही अधुरोपन पनि चाहिने रहेछ। अंहकार चाहिने रहेछ । असन्तुष्टि चाहिने रहेछ । अनिद्रा चाहिने रहेछ। अभाव चाहिने रहेछ। काँचको कपमा अमेरिकानो आइपुग्छ । कफीको चुस्की र चुरोटको धुवाँ निल्दै मस्तिष्कमा रहेका कथाका प्लटहरूलाई चलाइरहन्छु। नचाइरहन्छु । औंलाहरू किबोर्डमा विस्तारै चल्मलाउन थाल्छन्। अक्षर, शब्द, वाक्यहरू विस्तारै छापिन थाल्छन् । “सूर्य अस्ताइसकेको छ । चन्द्रमा उदाउँदैछ । केही अस्ताएपछि केही उदाउनुपर्ने रहेछ।

चिसो हावाले विस्तारै गाढा रातलाई बढार्दै लिएर आउँछ। रातको बात म बुझ्न सक्दिनँ। मलाई रातको साथ अनौठो लाग्छ । रात सबैका लागि एउटै रूप, स्वरूप लिएर कहिल्यै नआउने रहेछ।

केही रात भएको छ, रातले मेरो लागि निद्रा लिएर आउन छाडेको छ। सपना बोकेर आउन छाडेको छ। रातले राहत लिएर आउन बिर्सेको छ । आराम ल्याउन बिर्सेको छ। हिजोआज रातले अनिद्रा बोकेर आउने गर्छ । बेचैनी बोकेर आउने गर्छ । बिझ्ने याद, सम्झनाहरू ल्याउने गर्छ। ऐंठन लिएर आउँछ । रातले आहत लिएर आउन थालेको छ। मलाई अन्धकारदेखि होइन रातदेखि डर लाग्न थालेको छ।

म चाहन्छु मेरो लागि कहिल्यै रात नहोस्। नआओस् । रातले मलाई एक्लो बनाउँछ। उदास बनाउँछ। दुखी बनाउँछ । रातले मलाई अवगत गराउँछ। बोध गराउँछ, मेरो यथार्थको। मेरो अस्तित्वको। मेरो आत्माको । मेरो अभावको। रातले मलाई मेरो धरातल देखाउँछ। मलाई निचोर्छ।

हुन सक्छ, रातले मेरो वास्तविक अनुहारलाई प्रतिबिम्बित गरिरहेको हो । सायद म यस्तै छु। रात कहिल्यै दिन जस्तो झूटो हुन सक्दैन। रात स्पष्ट हुन्छ। प्रष्ट हुन्छ । दिनको जस्तो रातसँग कुनै छायाँ हुँदैन। रात आफैंमा एउटा विराट छायाँ हो। दिन मायावी हुन्छ तर रात मेरो लागि मायालु किन हुन सक्दैन ?

मलाई रात कहिल्यै शान्त लाग्दैन। रात मलाई सन्नाटाले भरिएको चर्को कोलाहल लाग्छ जसले मेरो कानको पर्दालाई होइन हृदयलाई ठुङ्ने गर्छ। म कानलाई थुन्न सक्छु हृदयलाई सक्दिनँ।

म रातमा सुन्न सक्छ, विभिन्न आवाजमा आइरहेका रुवाइ, चीत्कार, रोदन, आहटहरू । मलाई तिनीहरूले घायल बनाउँछन् । बेलाबेला सोच्छु, सायद म मात्रै एक्लो छैन। अधुरो छैन। म जस्तै अरू पनि छन् । मैले सन्नाटामा सुन्ने आवाजहरू अरू कसैका होइनन् म जस्तै उदासीहरूका हुन् । दुःखीहरूका हुन्। एउटा युवती बगैंचाको अर्को टेबलमा आएर बस्छिन्। किबोर्डमा मेरा औंलाहरू चल्मलाउन छाड्छन्। उक्त युवतीले मेरो ध्यान खिच्छिन्।

उनले वेटरलाई बोलाएर बियर मगाउँछिन् । आफूसँग लिएर आएको चुरोट सल्काउँछिन् । हामी दुवैको मुखबाट फुस्किएको धुवाँको गुच्छा एउटै हावामा मिल्न जान्छ।

म अधबैंसेतिर फर्किन्छु। ऊ त्यसरी नै ल्यापटपमा घोत्लिरहेको हुन्छ। म अनुमान लगाउँछु, सायद ऊ केही पढ्दै छ अथवा केही हेर्दैछ। ग्राहकहरू आउने जाने गरिरहन्छन्।

म नजरलाई पुनः टेबलमा फर्काएर लिएर आउँछु । लेख्न थाल्छु । “मलाई दिन बिताउन सजिलो लाग्छ । म कहिल्यै नहिंडेको गल्लीमा हिंडिरहेको कल्पना गर्दै दिन बिताइदिन सक्छु। आकाशमा नाचिरहेका बादलहरूलाई हेरेरै दिन बिताइदिन सक्छु। हावामा हल्लिरहेका पातहरूलाई सुनेरै दिन बिताइदिन सक्छु। पढिसकेका शब्दहरू पुनः पढेरै म दिन बिताइदिन सक्छु। शान्त तलाउमा जमेर बसेको पानीलाई कहानी सुनाउँदै दिन बिताइदिन सक्छु। कहिल्यै ठेगानामा नपुग्ने पत्रहरू लेखेरै म दिन बिताइदिन सक्छु। म कसैलाई पनि नसम्झेरै पूरै दिन बिताइदिन सक्छु। तर मलाई रात कटाउन सकस पर्छ। म रात रोएर मात्र कटाउन सक्छु। मेरा आँखाहरू रुँदैनन् मन रुन्छ। मैले अधिकांश रात त्यसरी नै कटाएको छु । सायद दुखाइ भएको भए आँखा रुन्थ्यो। दुःख छ त्यसैले मन रुन्छ । युवतीले बियर रित्याउँछिन् । पुन ः अर्को बोतल मगाउँछिन्, म ठुटो चुरोटलाई एस्ट्रेमा किचिमिची पार्छु।

मलाई लागेको थियो, युवती कसैलाई भेट्न आएकी हुन्। कसैको प्रतीक्षा गरिरहेकी हुन्। विस्तारै लाग्न थाल्छ, युवती अरू कसैलाई होइन आफैंलाई भेट्न आएकी हुन्।

अर्को बोतल बियर उनको टेबुलमा आइपुग्छ। म पुन ः ल्यापटपमा घोत्लिन थाल्छु । “म कहिलेकाहीं आफूलाई निर्वस्त्र पारेर ऐनासामु उभ्याउँछु। म आफूलाई देख्दिनँ। म मान्छे देख्दिनँ। म देख्छु, एउटा अस्थिपञ्जर जसमा टाँसिएको केही मांसपेशीले त्यसलाई रूप दिएको छ, स्वरूप दिएको छ। म देख्छु यस्तो काया जसको अस्तित्वले कुनै अर्थ राख्दैन। जो हुनु र नहुनुले केही फरक पार्दैन । परिरहेको छैन।

म देख्छु यस्तो सम्बन्धलाई जसले सम्बोधन कहिल्यै गर्न पाएन। म देख्छु यस्तो संवेदनालाई जसले कहिल्यै महसुस गर्न पाएन। म देख्छु एउटा यस्तो दयनीय पात्रलाई जसलाई कसैले लेखेनन् अथवा लेख्न चाहेनन्। म देख्छु त्यसलाई जसलाई म मात्र देख्न सक्छु। मैले मात्र महसुस गर्न सक्छु।”

युवतीले एक गिलास बियर सिनित्त पार्छिन्। खाली गिलासलाई भर्न थाल्छिन् । अर्को चुरोट सल्काउँछिन् । कफीको चुस्की लिंदै म उनलाई केहीबेर हेरिरहन्छु।

उनले कसैलाई फोन गर्छिन्। फोन लाग्दैन अथवा उठ्दैन। तीन-चार पटकसम्म लगातार कोसिस गरिरहन्छिन्। नेटवर्क टिपिरहेको छैन अथवा कसैले उनको कललाई टिपिरहेको छैन, म भन्न सक्दिनँ। उनी रिसाउँछिन् या निराश हुन्छिन् म उनको अनुहारमा सल्बलाइरहेको भावलाई पढ्न सक्दिनँ।

भर्खर भरेको गिलास पनि उनी एकै सासमा रित्याउँछिन्। वेटरलाई हातको इसाराले फेरि अर्को ल्याउन भन्छिन्।

पुनः मेरा ल्यापटपका किबोर्डहरू बज्न थाल्छन् । “मेरा काँपिरहेका हातहरूले कैयौंपटक गलालाई ताकेका छन्, छुरा लिएर । कैयौंपटक हावामा तुर्लुङ्ग तैरिन खोजेका छन् मेरा खुट्टाहरू। कैयौंपटक मेरो शरीरलाई झर्न मन लागेको छ उँचाइबाट र खस्न मन लागेको छ कुनै गहिराइमा। थाहा छैन मभित्रको कुन चाहिं तत्वले यिनीहरूलाई रोकिरहन्छ। सायद कोही छ, केही छ जो मेरो विरुद्ध उभिरहेको छ। मसँग लडिरहेको छ। थाहा छैन, हारिसकेकोलाई जितेर कसैले के पाउँछ ?

कहिलेकाहीं त लाग्छ, मेरो नसामा रगत छैन। आँखामा आँसु छैन। मस्तिष्कमा चेतना छैन। मनमा संवेदना छैन। मात्र अलिकति हावा छ मेरो रोगी फोक्सोमा। त्यो बाहेक मसँग अरू केही छैन। म त्यति हावाले मात्रै जीवित छु।”

म भारी महसुस गर्छु। औंलाहरू थाक्छन् । म युवतीतिर फर्किन्छु । युवतीको आँखा रसाइरहेको हुन्छ। उनी सुक्सुकाइरहेकी हुन्छिन्। उनलाई परिक्रमा गरिरहेको चुरोटको धुवाँमा खोइ कुन्नि उनी केही खोज्दै हुन्छिन्।

म उनको अवस्थालाई राम्रोसँग विवेचना गर्न सक्दिनँ। उनलाई के भइरहेको छ, म अनुमान लगाउन सक्दिनँ। कुनै अड्कल काट्न सक्दिनँ । मान्छे किन दुःखी हुन्छ ? मलाई दुःख भोग्न भन्दा लेख्न मन लाग्छ। मान्छेहरूलाई पनि त दुःख झेल्नु भन्दा पढ्न मजा लाग्छ। दुःखले सबैलाई आकर्षित गर्ने गर्छ । म युवतीको आँसु पछाडिको कहानीलाई अनुमान लगाउन सक्दिनँ तर कम्तीमा कल्पना त गर्न सक्छु।

मान्छे दुःखी कि आफूबाट हुन्छ कि आफ्नाबाट। कि अतीतलाई सम्झेर हुन्छ कि त भविष्यलाई सोचेर । मुस्कुराएको ओठमा सायद धेरै लेखिएको हुँदैन। तर रोएको आँखामा धेरै थोक लेखिएको हुन्छ। मलाई ओठभन्दा आँखा पढ्न मन पर्छ । उनलाई हेर्दा यस्तो लाग्छ, आज उनी मादकताको नसामा चुर भएर मात्न चाहन्छिन्। बिर्सिन चाहन्छिन् आफूसँग जोडिएकाहरूलाई। आफूबाट छुटिएकाहरूलाई। बिर्सिन चाहन्छिन् आफैंलाई । हुन चाहन्छिन् त्यो चुरोटबाट निस्किएको धुवाँ जस्तै र बग्न चाहन्छिन् हावासँगै। अन्ततः विलीन हुन चाहन्छिन् । थाहा छैन, किन रङ्गीन दुनियाँ देख्ने आँखाले सधैं रङ्गहीन आँसु खसाल्छ । उनी चुपचाप रोइरहेकी छिन्। तर उनी चिच्याइरहेकी छिन् भित्रैबाट। छट्पटाइरहेकी छिन्। सायद उनलाई किनारको आवश्यक छ। काँधको जरुरत छ। कसैको साथ चाहिएको छ । अथवा उनलाई केही, कोही चाहिएको छैन। उनी डुब्न चाहन्छिन् त्यही पीडाको अतल गहिराइमा कहिल्यै नउत्रिने गरी।

सायद उनी कसैलाई गुमाएर दुःखी भएकी छिन्। उनले कसैलाई पाएर खुसी नभएको पनि हुन सक्छिन्। युवतीको रोइरहेका आँखाले मेरा आँखालाई भेट्टाउँछन्। म आफ्नो नजर लुकाउँछु। थाकेका औंलाहरू किबोर्डमा घिस्रिन थाल्छन्।

“कहिलेकाहीं एक्कासि मुटुको धड्कन बढेर आउँछ। टाउको टनटनी दुख्न थाल्छ। हातखुट्टाहरू झम्झमाउन थाल्छन्। आँखाले धमिलो देख्न थाल्छ। यस्तो लाग्छ, म सकिंदैछु । मेरो फोक्सोमा रहेको अलिकति हावा पनि फुस्किंदै गइरहेको छ। त्यो बेला मलाई यस्तो जिन्दगीको माया लागेर आउँछ जसलाई मैले कहिल्यै स्वीकार्न सकिन,। अँगाल्न सकिनँ। मैले बाँच्न सकिनँ।

म अरू मान्छेहरूलाई आफूजस्तो देख्दिनँ। सायद केही छन् उनीहरूभित्र जसले उनीहरूलाई मभन्दा केही फरक बनाइदिएका छन् । मलाई हरबखत उनीहरूले घेरिरहेको महसुस हुन्छ। घुरिरहेको भान हुन्छ। मलाई कतै टाढा जान मन लाग्छ, यी अनुहारहरूको भीडबाट जहाँ मलाई कसैको नजरले समेत पछ्याउन नसकोस्। टुटाएर भाग्न मन लाग्छ आफूसँग बाध्य भएर बाँधिएका दुर्बल सम्बन्धहरूलाई।

मान्छेहरू ढोङ्गी हुन्छन्। लाग्छ, कसैको संवेदनाले पनि महसुस गर्न सक्दैनन् मेरो वेदनालाई। मलाई कसैले बुझ्न सक्दैनन्। कहिलेकाहीं म आफैंलाई प्रश्न गर्छु, म किन यस्तो छु ? यस्तो अवस्थामा छु ? मसँग त्यसको जवाफ हुँदैन। सायद जवाफ नभएरै म यस्तो भएको हुँ।

भन्छन्, शरीर मर्छ तर आत्मा कहिल्यै मर्दैन। आत्मा मरिसकेको शरीर सायद मेरो जस्तै हुँदो हो।”

म अधबैंसेतिर नजर फ्याँक्छु। ऊ त्यसरी नै ल्यापटपमा घोत्लिरहेको हुन्छ। सायद केही लेखिरहेको छ। धर्मराउँदै आफ्नो असन्तुलित शरीरलाई युवतीले ट्वाइलेटतिर लैजान्छिन्।

दुःखलाई शरीरले होइन मनमस्तिष्कले साँचेर राखेको हुन्छ । नसाले शरीरलाई मात्रै छुन्छ । त्यो बेला शरीरले गर्ने हरेक गतिविधिलाई मस्तिष्कले जाँचिरहेको हुन्छ। मनले नियालिरहेको हुन्छ। नसा फगत बहाना हो अरू केही होइन। लेख्न थाल्छु।

“सायद यो एक्लोपन, यो अधुरोपन एउटा रोग हुनुपर्छ। म रोगी हुँ। मेरो नजिक आउनेहरूलाई सजिलैसँग सर्न सक्छ यो रोग । त्यसैले उनीहरू मेरो नजिक पर्दैनन्, पर्न चाहन्नन्। अथवा म आफूलाई कसैको समीप नै पार्न खोज्दिनँ। म आफैं टाढिन्छु।

रातमा विषालु भावनाहरू लाटेकोसेरो जस्तै शिकार गर्न उड्दा रहेछन्। उनीहरूले कमजोर मनहरूलाई आफ्नो निसाना बनाउने रहेछन्। म निरीह हरेक रात शिकार हुन्छु।

हल्का उज्यालो झ्यालको पर्दालाई चिरेर कोठाभित्र आइपुग्छ। सायद रात निदाउँदैछ, दिन ब्युँझिंदैछ। युवतीले अर्को बोतल पनि रित्याउँछिन् । उनी अकारण मुस्कुराइरहेकी छिन्। मलाई थाहा छैन दुःखले कुन चरण पार गरेपछि आँसु होइन मुस्कानलाई जन्माउँछ। बगैंचामा बत्ती बल्न थाल्छन्। रात आफूलाई फिंजाउँदै लिएर आउँछ । म सोच्छु, रातले उक्त युवतीलाई कस्तो रूप देखाउँछ होला। कस्तो व्यवहार गर्छ होला। के उनीसँग रातलाई सामना गर्ने सामर्थ्य छ ?

युवती लड्खडाउँदै क्याफेबाट निस्किन थाल्छिन्। मेरो नजरले उनलाई पछ्याइरहन्छ । अचानक उक्त युवती विस्तारै हावामा विलाउन थाल्छिन्। हराउँदै जान्छिन्। अन्ततः हावा बन्छिन् । म अचम्मित हुन्छु । लाग्छ, युवती नितान्त मेरो मस्तिष्कले जन्माएको कहानी हो। कल्पना हो।

मेरो नजर अधबैंसेमा पर्छ। उसले मलाई मुस्कुराउँदै हेरिरहेको हुन्छ। म त्यो रहस्यमयी मुस्कानलाई पढ्न सक्दिनँ । म विस्तारै भाँचिंदै जान्छु। टुक्रिंदै जान्छु। छरिंदै जान्छु। विस्तारै अदृश्य हुँदै जान्छु। के म पनि कसैको कहानी हुँ ? कल्पना हुँ ? अन्तत ः म पनि हावा बन्छु। कथा सकिन्छ। म लामो सास लिन्छु । ल्यापटप बन्द गर्छु । काउन्टरमा जान्छु र फ्रेस जुसको पैसा तिरेर आफ्नो बाटो लाग्छु। ■

# बर्दी खोलेर राजनीतिमा आउन प्रहरीलाई चुनौती




**गौतमबुद्ध सन्देश**
भैरहवा, ५ कार्तिक।

नेकपा एमालेका नेता भरत कुमार पोखरेलले प्रतिनिधी सभा सदस्यका उम्मेदवार गृहमन्त्री बालकृष्ण खाँणको प्रहरीले प्रचार गरेको भन्दै बर्दी खोलेर चुनावी प्रतिस्पर्धामा आउन प्रहरीलाई चुनौति दिएका छन्।

नेकपा एमालेका केन्द्रीय निर्वाचन आयोगका सदस्य समेत रहेका पोखेलले सिद्धार्थनगर नगरपालिका वडा नं ८ मा नेकपा एमाले र राप्रपाको संयुक्त सम्पर्क कार्यालय उद्घाटन समारोहमा बोल्दै निर्वाचनको समयमा आफ्नै गृह जिल्लामा गृहमन्त्री दैनिकी यहि क्षेत्रमा अत्यधिक प्रहरीको घेरामा रहेर प्रचार प्रसारमा क्रियाशील हुनु गलत भएको तर्क गर्दै प्रहरी नै प्रचारमा सहभागी नहुन आग्रह गरे।

"तिहार पछि हामी अगुवा साथी बसेर राम्रो मुखले यहाँको प्रहरी प्रशासनलाई सम्झाउँछौं। हामीलाई थाहा छ पसको बर्दी लगाएर चुनाव प्रचारमा उत्रन पाईँदैन त्यसो हो भने बर्दी खोलेर राजीनामा दिएर चुनावी प्रतिस्पर्धामा आउनुस हामी राजी छौँ। पोखरेलले भने, तर काँधमा फुलि भिरेर बर्दी लगाएर कसैको सुरक्षाका नाममा नजानिँदो तरिकाले घुमाउरो पाराले प्रचार प्रसारमा लागेको हाम्रा यहि आँखाले देखेको छ। हामी एक पटक यि कुरा राम्रो मुखले भन्छौं।"

निर्वाचनमा जनताले स्वच्छ र भय रहित वातावरणमा भोट हाल्न चाहेको बताउँदै पोखरेलले भने, "हामी द्धन्ध्द गर्न चाहँदैनौं, झगडा गर्न चाहँदैनौ शान्तिपूर्ण ढंगले यो निर्वाचन सम्पन्न गर्न चाहन्छौं तर हाम्रो पवित्र चाहना हुँदा हुँदैपनि यो पवित्र चाहनालाई यदि गठबन्धनका साथिहरुले पनि कमजोरी ठानी दिनुभयो। प्रशासनलेपनि कमजोरी ठान्यो भने हामी त्यति कमजोर छैनौं है। हामी त्यति कुरा भन्छौं त्यसकारण यो निर्वाचन स्वच्छ होस शान्तिपूर्ण होस,धाँधली रहित होस जसको जे अवस्था छ त्यो जनताले राम्रोसंग पवित्र मनले स्वतन्त्रपूर्वक मतदान गर्ने अवस्था हामी सबैले सिर्जना गरौं।"

ब्यक्तिगतरुपमा कोही कसैसंग दुस्मनी रहेका बताउँदै पोखरेलले सत्ता पक्षले चुनावमा दम्भ नदेखाउन र शक्तिको दुरुपयोग नगर्न आग्रह गरे। "म गठबन्धनका साथीहरुलाई अनुरोध गर्दछु हामीसंग तपाइँहरुको केही ब्यक्तिगत दुस्मनी छैन तपाईँहरुसंगपनि चिनजाँन त्यस्तै नै छ एक हिसाबले मित्रता नै छ यो मित्रतालाई कायम राखेरै यो निर्वाचन सम्पन्न गरौं।"

कार्यक्रममा जसपाका नेता तथा प्रदेश सभा सदस्य क्षेत्र नं ३ क का उम्मेदवार महेन्द्र यादवले ५ दलिय गठबन्धन एमाले, राप्रपा र जसपाको गठबन्धनले अताल्लीएको बताउँदै प्रतिनिधी सभा सदस्यमा दिपक बोहराको जीत सुनिश्चीत रहेको बताए। राप्रपाका केन्द्रीय सदस्य स्वाती थापा, नेकपा एमाले वडा नं ८ का अध्यक्ष रामचन्द्र रेग्मी, एमालेकी नेतृ सीता काफ्ले नेकपा एमाले, राप्रपा र जसका नेताहरुले आ आफ्नो मन्तब्य राखेका थिए।

# हवाई तथा स्थल नाकाहरु व्यवस्थित गर्छौं: गृहमन्त्री खाँण



**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक ५।

गृहमन्त्री बालकृष्ण खाँणले नेपालका सबै हवाई तथा स्थल नाकाहरु सुव्यवस्थित गर्न सरकार लागिपरेको बताएका छन्। सुरक्षा, पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिबिधि चलायमान गराउन पनि नाका ब्यबस्थित गर्न जरुरी रहेकाले सरकार त्यसतर्फ लागिपरेको उनले जनाए।

पाँच दलीय गठबनधनको तर्फबाट रुपन्देही क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा उम्मेदवार समेत रहेका मन्त्री खाँणले भैरहवामा आयोजित कार्यक्रमलाई बोल्दै हवाई तथा स्थल नाका ब्यवस्थित नहुँदा मुलुकको आन्तरिक सुरक्षा र मित्र राष्ट्र छिमेकी मुलुकहरुबिरुद्ध नेपाली भूमिलाई प्रयोग गरेर हुन सक्ने गतिबिधि रोक्न पनि नाका ब्यबस्थित गर्नु पर्ने जरुरी रहेको औल्याए।

उनले नेपालको भूमि प्रयोग गरी दुई छिमेकी मुलुकबिरुद्ध हुनसक्ने गतिबिधि हुन नदिन सरकार प्रतिबद्ध रहेको र आगामी दिनमा यसतर्फ अझ चनाखो र गंभीर ढंगले सरकार अगाडि बढ्ने विश्वास दिलाए। 'मुलुकको आन्तरिक सुरक्षाको साथै छिमेकी मुलुकबिरुद्ध नेपालको भूमि प्रयोग गरेर कुनै प्रकारको गतिबिधि रोक्न पनि नाकाहरु सुब्यवस्थित गर्नु पर्ने छ। यसतर्फ सरकार लागिरहेको छ', उनले भने, 'निर्वाचन लगत्तै सबै सिमा नाका ब्यबस्थित गर्ने काम सुरु हुन्छ।'

स्थल नाका सुब्यबस्थित गर्ने कामको सुरुवात निर्वाचन पछि सरकारले रुपन्देहीको बेलहिया नाकाबाट गर्ने समेत उनले प्रतिबद्धता जनाए। उनले नाका सुब्यबस्थित गराउन निमार्ण गर्नु पर्ने संरचना र अन्य कामका लागि बजेटमा सरकारले कन्जुस्याइँ नगर्ने समेत प्रष्ट पारे। त्यस्तै उनले बेलहियामा बन्ने आईसीपी निमार्णका लागि नेपाल सरकारले कुटनीतिक र राजनीतिक रुपममा पहल गरिरहेको जानकारी दिँदै छिट्टै काम अगाडि बढ्नेमा सरकार विश्वस्त रहेको बताए।

'नेपाल सरकार र भारत सरकारको संयुक्त प्रयासमा आईसीपी निमार्ण हुने हो', गृहमन्त्री खाँणले भने,, 'आईसीपीका लागि हामीले जग्गा अधिग्रहण गरिसकेका छौं। भारत सरकारले जग्गा अधिग्रहण नगर्दा निमार्णमा ढिलाई भएको हो। जग्गा अधिग्रहण गरी निमार्ण प्रक्रिया अगाडि बढाउन नेपाल सरकारले भारत सरकारसंग कुटनीतिक र राजनीतिक दुवै तवरले छलफल अगाडि बढाएको छ।'

अधुरो रहेको बेलहिया-बुटवल ब्यापारिक मार्ग अन्तर्गत बेलहिया खण्डको सडक निमार्ण तीनचार महिना भित्रै सम्पन्न हुने पनि उनले बताए। विशेष आर्थिक क्षेत्र 'सेज'मा नियमित विद्युत आपूर्ति र संचालन कार्यबिधिमा उद्योगी ब्यसायीले राख्दै आएका माग सकारात्मक रहेको पनि उनले बताए।

क्षेत्र नम्बर ३ (क)का गठबन्धनका उम्मेदवार तथा लोकतान्त्रिक समाजवादी पार्टीका नेता सन्तोषकुमार पाण्डेयले रुपन्देही र सिंगो मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि गठबन्धनले जित्नु जरुरी रहेको बताए। उनले गृहमन्त्री खाँण गठबन्धनका मात्रै उम्मेदवार नभएर क्षेत्रबासीका साझा उम्मेदवार भएकाले एकढिक्का भएर मतदान गर्न आह्वान गरे।


## बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय परिक्षण ( IEE ) प्रतिवेदन तयारी सम्वन्धी सार्वजनिक सुचना

प्रकाशन मिती : २०७९/७/६

लुम्बिनी प्रदेश, नवलपरासी(ब.सु.प.) जिल्ला बर्दघाट नगरपालिका भएर बग्ने बिभिन्न क्षेत्रहरुमा तपशिल बमोजिमको वहाव क्षेत्रहरुबाट नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन तथा संकलन कार्यका लागि तपशिल अनुसारको प्रस्ताब गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बर्दघाट नगरपालिका, नवलपरासी(ब.सु.प.)<br>सम्पर्क नं : ९८५७६४३१११<br>इमेल ठेगाना- bardhaghatmunicipality@gmail.com |
| **प्रस्तावको व्यहोरा** | नगरपालिका भएर वग्ने तोकिए बमोजिमको वहाव क्षेत्रहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्ने । |
| **उत्खनन तथा संकलन गरिने क्षेत्रहरु** | यस नगरपालिकाको वडा न. २ र १० अन्तर्गत पर्ने भुताहा - ( आम्वास ) खोला , वडा न. २ अन्तर्गत पर्ने गंगटी खोला , वडा न. २ र ४ अन्तर्गत पर्ने चिसापानी खोला , वडा नं. २ अन्तर्गत पर्ने सुखौला खोला र वडा न. ४ अन्तर्गत पर्ने वितैया र टिसिएन खोलामा पर्ने वगर क्षेत्र |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणिय परिक्षण ( IEE ) प्रतिवेदनको क्रममा सो क्षेत्रमा प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक, र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित वा मौखिक रायसुझाव लिन आवश्यक भएकोले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**राय सुझावकालागी पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बर्दघाट नगरपालिका कार्यालय, नवलपरासी -(ब.सु.प.)<br>सम्पर्क नं: ९८५७६४३१११, ९८४७०४११८७<br>इमेल ठेगाना- bardhaghatmunicipality@gmail.com |

*प्रमुख प्रशासकीय अधिकृत*



## Bhumikasthan Municipality
### Office of Municipal Executive
Nuwakot, Arghakhanchi

### Invitation for Bids

Date of publication: **23.10.2022 (2079/07/06)**

1. Bhumikasthan Municipality invites electronic bids/ sealed bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Century Commercial Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 0900000013GE
   **Information to deposit the BID Security Amount in Bank:**
   Name of the Bank: Century Commercial Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 0900000004GE
4. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at**1:00 pm** on **11-11-2022 (25-07-2079)..**
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|
| **15/BMA/W/ST/2079/080** | Dharapani Dhakabang Moterable Road Strengthing Works | NRs. 3000.00 (Not Refundable) | NRs. 118000 | **120** | **21-11-2022 (2079-08-05)** | **22-11-2022 (2079-08-06)** 12:00 noon | **22-11-2022 (2079-08-06)** 1:00 PM |

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# माओवादी सल्लाहकार श्रेष्ठ र गैरे एमालेमा प्रवेश

बुटवल, ५ कार्तिक। (गौबुस)

नेकपा माओवादी केन्द्रका केन्द्रीय सल्लाहकार भानुप्रकाश श्रेष्ठ र प्रदेश कमिटी सल्लाहकार शिवप्रसाद गैरे एमाले प्रवेश गरेका छन्।

बुटवलमा शनिबार आयोजित कार्यक्रममा सल्लाहकारद्वयलाई एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेलले शनिबार पार्टीमा स्वागत गरे । उनीहरू २०५७ मा द्वन्द्वकालमा एमाले छाडेर माओवादी प्रवेश गरेका थिए।

पुरानै घरमा फर्किन पाउँदा खुसी भएको श्रेष्ठले बताए। उनीहरू पार्टीमा स्वागत गर्दै पौडेलले पुराना नेताहरु एमालेमा प्रवेश गरेकामा खुसी व्यक्त गर्दै उचित स्थान दिने बताए।

नेताहरुलाई एमाले प्रवेश गराउँदै एमाले उपाध्यक्ष पौडेलले देशको समृद्धि र विकासका लागि एमालेलाई बलियो बनाउनुको विकल्प नभएको बताएका छन्।

उनले केही स्वार्थी समूहहरुले एमालेविरोधी अभियान चलाएपनि नागरिकले देशको पक्षमा, समृद्धिको पक्षम कसले काम गरेको छ भन्ने विषय बुझिसकेको बताए । विभिन्न कारणले एमालेको नेतृत्व बाहिर रहेकाहरुलाई सबै मिलेर गोलबन्ध गराउने विषयमा सबै जुट्नुपर्ने समय आएको नेता पौडेलको भनाइ थियो।

कार्यक्रममा एमाले केन्द्रीय अनुशासन आयोगका उपाध्यक्ष नेत्र पन्थीले ठूलो संघर्ष गरेका नेताहरुले एमाले रोजेका कारण सबैलाई उत्साह थपिएको बताए।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सुचना

उपरोक्त सम्वन्धमा रुपन्देही जिल्ला, लुम्विनी प्रदेश रोहिणी गाउपालिका वडा नम्वर-४ मा हिमाल मोटो नेपाल प्रा.लि. ले 2 Wheelers Vehicle (Motorcycle & Scooter) Assembling गर्ने गरि उद्योग सञ्चालन गर्न लागेको हुँदा वातावरण सँरक्षण ऐन २०७६ र वातावरण सँरक्षण नियमावली २०७७ बमोजिम उक्त उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयार गर्ने प्रयोजनको लागि मिति २०७९/०७/ १५ गते दिनको १ बजे प्रस्तावित उधोग स्थलमा सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ सरोकारवालाको उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछौ।

**आयोजक**

**हिमाल मोटो नेपाल प्रा.लि.**
रोहिणी गाउपालिका वडा नम्वर-४, मझौली, रुपन्देही
फोन नम्बर : ९८०११५९००७ इमेलः bhairahawa@syakarhonda.com


# नेपाल चीन मैत्री समाजको अध्यक्षमा सापकोटा




भैरहवा, ५ कात्तिक। (गौबुस)

नेपाल चीन मैत्री समाज लुम्बिनीको पांचौ महाधिवेशनले नारायणप्रसाद सापकोटा अध्यक्ष रहेको नयां कार्यसमिति चयन गरेको छ । शनिबार भैरहवामा सम्पन्न महाधिवेशनबाट समाजको वरिष्ठ उपाध्यक्षमा गोबिन्दप्रसा रेग्मी,उपाध्यक्षमा डा. ऋषिरम शर्मा,महासचिवमा मनिषकुमार जोशी,कोषाध्यक्षमा खिमबहादुर खत्री,सचिव जनकराज पन्त र सहकोषाध्यक्ष नारायणी नेपाल निर्विरोध निर्वाचित भएका छन्।

यस्तै कार्यसमिति सदस्यहरुमा डा. गितु गिरी,नारायणप्रसाद अग्रवाल, नगेन्द्रगोविन्द श्रेष्ठ,

इन्द्रबहादुर थापा,नारायणप्रसाद भण्डारी, अच्युतराज गौतम, विष्णुप्रसाद बस्याल,अनिलकुमार ज्ञवाली, केशव शर्मा बेल्बासे र शंकरप्रसाद पाण्डे चयन भएका निर्वाचन प्रमुख वरिष्ठ अधिवक्ता राममणि भुर्तेलले जानकारी दिए। समाजको २१ औं साधारणसभा तथा महाधिवेशनको उद्घाटनका अवसरमा अध्यक्ष सापकोटाले चीनसंग जनस्तरमा सम्बन्ध विस्तार र लुम्बिनीको पर्यटन प्रवर्द्धन र आर्थिक विकासका लागि समाज स्थापना भएको बताए। उनले चीनका करोडौं बौद्धमार्गीहरुलाई बुद्ध जन्मस्थल लुम्बिनीमा आकर्षित गर्न सके नेपालको पर्यटन र आर्थिक विकासमा ठूलो योगदान पुग्ने भएकाले तीनै तहका सरकारले ध्यान दिनुपर्ने बताए । समाजका सदस्य डा. गितु गिरीले असंलग्न परराष्ट्र नीति र एक चीन नीतिमा नेपाल चीन मैत्री समाज प्रतिवद्ध रहेर सोही अनुसार आफ्ना गतिविधि गरिरहेको बताए।

इतिहासकै...

उनीहरुको माग पूरा गराउनका लागि आफ्नो साथ रहेको उल्लेख गरे । कोरोना महामारीले धरासायी भएका नीजि क्षेत्र तथा उद्योगी व्यवसायीलाई सरकारबाटै ढाडमा हान्ने काम भएको भन्दै पौडेलले मूल्यवृद्धि नियन्त्रण गर्न नसक्नु तथा ब्याजदर वृद्धिको कडा आलोचना गरे।

उक्त कार्यक्रममा एमालेका पोलिटब्यूरो सदस्य तथा रुपन्देही क्षेत्र नं. २ (१) का उम्मेदवार लिला गिरीले स्वाधीन र सबल अर्थतन्त्र निर्माणलाई ध्यान दिदै समृद्धिका आधार तयार पारिएको उल्लेख गरे। उनले आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि केन्द्रित रहेर एमालेले कार्यक्रम बनाइ कार्यान्वयन भइरहेको बताए। केपी शर्मा ओली नेतृत्वको सरकार ढलाएर अध्यादेशको सरकार बनाउने खेलले मुलुकमा अस्थिर राजनीतिको सुरुवात गर्नुनै आर्थिक संकटको पहिलो कारण भएको उनको भनाइ छ।

नेता गिरीले नीजि क्षेत्रको मागप्रति ऐक्यवद्धता जनाउँदै आर्थिक समृद्धिका लागि एमालेको नै सरकार बन्न आश्यक रहेको औल्याए । सुरु गरेका पूर्वाधार तथा विकास निर्माणका योजनाहरु पूरा गर्नका लागि फेरी पनि ऐमाले सरकार आवश्यक रहेको बताउँदै उनले मतदानका लागि सबैलाई आह्वान गरे। यसैगरी रुपन्देही-२ (२) का एमाले उम्मेदवार तथा एमाले लुम्बिनी प्रदेश कमिटीका उपाध्यक्ष भोजप्रसाद श्रेष्ठले उद्योगी व्यवसायीहरुको माग सम्बोधनका लागि एमाले सकारात्मक भएको बताए । वर्तमान सरकारबाट नीजि क्षेत्र तथा उद्योगी व्यवसायीले ठूलो अपेक्षा गर्नु बेकार भएको बताउँदै सरकार गठनका लागि आगामी मंसिर ४ मा एमालेको बहुमत आवश्यक रहेको उल्लेख गरे।

उद्योगी व्यवसायीहरुको तर्फबाट बोल्दै नेपाल उद्योग व्यवसायी महासंघका अध्यक्ष माधव नेपालले आगमी मंसिर ४ को निर्वाचनमा आफूहरुको एमालेलाई साथ रहेको बताए । सरकारले बैंक ब्याजदरमा उच्च वृद्धि गरी आतंक मच्चाएको गुनासो गर्दै उनले गठबन्धनको नेतृत्वमा बन्ने सरकारले उद्योगी व्यवसायीलाई फाइदा गर्दैन भन्ने प्रमाणित भैसकेको उल्लेख गरे।

उद्योग व्यवसायी महासंघका केन्द्रीय सचिव बालाराम भट्टराईले अर्थतन्त्र कमजोर र जर्जर बनिरहेकाले यसको सुरक्षा र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा केन्द्रित रहेर योजना बनाउन पार्टी नेतृत्वसंग आग्रह गरे। उनले उद्योगी व्यवसायीले भोग्नुपरेका गम्भीर समस्या र त्यसको समाधानका लागि उपयुक्त उपाय अबलम्बन गर्न आग्रह गरे। कार्यक्रमको सहजीकरण महासंघका नगर अध्यक्ष माधवकुमार खनालले गरेका थिए।


**डेँगीबाट बचौँ ।**

-उच्च ज्वरो आउनु
-जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
-आँखाको गेडी दुख्नु
-अत्याधिक टाउको दुख्नु
-शरीरमा राता बिमिराहरु आउनु
-वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेँगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



प्रो. सुदीश महासेठ
मो.नं. : ९८५७०२४७२४

'पारिवारिक वातावरणमा शुद्ध शाकाहारी खाना तथा नास्ता'

**माखनभोग स्वीट्स**
**एण्ड बेकरी उद्योग**

Pure Ghee Products

नारायणपथ-७, भैरहवा, नेपाल
फोन नं. ०७१-५७०५८८

रामग्राम-३, सुनवल रोड
विद्युत अफिसको छेउमा, परासी ।
फोन नं. : ०७८-५२०५०५, ९८०१३६३०५३

हामीकहाँ शुद्ध शाकाहारी केक, पेस्टिज, खाना, नास्ताका साथै पिजा, बर्गर, पावभाजीको राम्रो व्यवस्था छ ।


# Bhumikasthan Municipality
## Office of Municipal Executive
### Nuwakot, Arghakhanchi
## Invitation for Bids/Sealed Quotation

Date of publication: **23.10.2022 (2079/07/06)**

1. Bhumikasthan Municipality invites electronic bids/ Sealed Quotation from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Century Commercial Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 0900000013GE

**Information to deposit the BID Security Amount in Bank:**
Name of the Bank: Century Commercial Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 0900000004GE

4. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at**1:00 pm** on **11-11-2022 (25-07-2079)..**
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|
| 12/BMA/G/TB/2079/080 | procurement and Delivery of Fabricated Steel Parts for Chhapekhola Nidenigaira Suspended Trail Bridge and Lewase Khola Ripghat Truss Bridge | NRs. 3000.00 (Not Refundable) | NRs. 73000 | **120** | 21-11-2022 (2079-08-05) | 22-11-2022 (2079-08-06) 12:00 noon | **22-11-2022 (2079-08-06)** 1:00 PM |
| 13/BMA/G/CGI/2079/080 | Procurement and Delivery of Coloured CGI Sheet | NRs. 3000.00 (Not Refundable) | NRs. 325000 | | | | |
| 14/BMA/G/MT/2079/080 | Procurement and Supply of Mini Tiller ( 7hp, Diesel Engine) | NRs. 1000.00 (Not Refundable) | NRs. 34000 | 90 | | | |

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख/ प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल